# स्थानीय राजपत्र

नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित

| खण्ड १ | संख्या १५ | मिति: २०७६।०४।०१ |
|---|---|---|

**भाग १**

**नौकुण्ड गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन संख्या १५

# नौकुण्ड गाँउपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी ऐन, २०७६

**प्रस्तावना** : यस गाँउपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको भाग २१८ ले दिएको अधिकार प्रयोग गरी नौकुण्ड गाँउपालिकाको संस्था दर्तातथा नविकरण सम्बन्धी ऐन २०७६ तर्जुमा गरी लागु गरिएको छ ।

नौकुण्ड गाउँपालिका, रसुवा

१. **संक्षिप्त नाम** :

(१) यस ऐनको नाम **नौकुण्ड गाउँपालिकाको संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी ऐन २०७६** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक,बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको सघं संस्था क्वल मण्डल परिषद अध्ययन केन्द्र, समुह आदि सम्झनु पर्छ र सो शब्दले मैत्री सघं समेतलाई जनाउँछ ।

ख) "गाँउपालिका" भन्नाले नौकुण्ड गाँउपालिकालाई सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले नौकुण्ड गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले नौकुण्ड गाँउपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नौकुण्ड गाँउपालिकाको "प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) "कार्यालय" भन्नाले नौकुण्ड गाँउपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

छ) "सम्बन्धित शाखा" भन्नाले हाललाई कार्यालयको प्रशासन शाखा सम्झनु पर्दछ ।

ज) "प्रवन्ध समिति"भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकीएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

३) **दर्ता नगरी संस्था खोल्न नहुने** : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

४) **संस्थाको दर्ता र नविकरण:**

(१) संस्था स्थापना गर्न चाहने कुनै सात नजा वा सो भन्दा बढी व्यक्तिहरुको अनुसुची -१ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्छ ।

२) उपदफ (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ता भित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरि प्रमाण-पत्र दिईनेछ ।

३) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा तथा अवधि अनुसुचि २ बमोजिम र दर्ता/नविकरण दस्तुर अनुसुचि ३ बमोजिम हुनेछ ।

४) प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र नविकरण गरिसक्नु पर्नेछ । यदि ३ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कत २५ प्रतिशत थप रकम लिइनेछ भने सो भन्दा पछि ५० प्रतिशत शुल्क लिइनेछ ।

५. **संगठित संस्था मानिने :**

(१) यस ऐन अन्नतर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्तिसरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पति :**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा कार्यालयलर त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राखेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरि कार्यालयले गरेको कारवाहीमा चित्ता नबुझीमा चित्त नबुझने व्यक्तिले प्रचलित कानुनले तोके बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

७. **अघि दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्ने :** यो ऐन प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नर्भइ स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले १५ दिन भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. **संस्थाको उद्देश्यहरुमा हेरफेर:**

(१) संस्थाको उद्वेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरि सो प्रस्ताव उपर छलफल गर्न संस्थाको बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई

तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सव प्रस्ताव लागु गर्न कार्यालयको पुर्व स्वीकृति लिनुपर्नेछ ।

९. **हिसावको विवरण पठाउनु पर्ने :** प्रवन्ध समितिले सामाजिक परीक्षण गरि आफ्नो संस्थाको हिसाबको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ ।

१०. **हिसाब जाँच गर्ने :**

(१) कार्यालयको आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकार प्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) संस्थाले व्यत्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

(४) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाँउ कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न/गराउन आदेश दिनेछ ।

११. **दण्ड सजाय :**

(१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा

त्यस्ता संस्थाको प्रवन्ध समितिको सदस्यहरुलाई कार्यालयले जनही दश हजार रुपैँया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई जनही तिन हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकारी वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको पश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई कार्यालयले एक हजार रुपैँया सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम कार्यालयको पुर्व स्वीकृति नलिई संस्थाको उद्‌देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्‌देश्यको प्रतिकुल हुनेगरि काम कारवाहि गरेमा र कार्यालयले दिएको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

१२. **पुनरावेदन :** दफा (११) बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

१३. **संस्थाको विघटन र त्यस्को परिणाम :**

(१) संस्थाको विधान बमोजिम कार्यसंचालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा यस कार्यालयमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको

हकमा संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँ कार्यपालिकाले व्यहोर्नेछ ।

१४. **नियम बनाउने अधिकार :** यस ऐनको कार्यन्वयन गर्न गाउँ कार्यापालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१५. **अधिकार प्रत्यायोजन :** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कार्यन्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी अधिकारको प्रत्यायोजन गर्न सकिनेछ ।

१६. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१७. **खारेजी र बनाउ :**

(१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निमार्ण गरेको कानुन विपरीत भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुने छन ।

(२) यस कानुनलाई प्रतिस्थापना हुने गरी अर्को कानुन बनेर लागु नभएसम्म यसै कानुन अनुसार भए गरेको मानिनेछ ।

अनुसुची १

दफा (४) सँग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
नौकुण्ड गाँउपालिकाको कार्यालय,
सरमथली, रसुवा

**विषय : संस्था दर्ता गरिपाउँ ।**

महोदय,

प्रस्तुत विषयमा तपशिल बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरि संस्था दर्ताको लागी यो निवेदन पेश गरेको छु ।

**तपशिल**

१. संस्थाको नाम :

२. संस्थाको कार्यालय रहने स्थान तथा ठेगाना :

**संलग्न कागजातहरु**

१. संस्थाको विधान

२. वडा कार्यालयको सिफारिसण

३. सञ्चालक समितिको पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रतिलिपि

४. संस्थाको छापको नमुना ।

**निवेदक**

नाम :

अध्यक्ष :

हस्ताक्षर :

मिति :

नौकुण्ड गाँउपालिका, रसुवा

अनुसुची २

दफा (४) सँग सम्बन्धित

नौकुण्ड गाँउपालिका

गाँउपालिकाको कार्यालय

सरमथली, रसुवा

३ नं.प्रदेश, नेपाल

## संस्था दर्ता-प्रमाणपत्र

श्री......................................

..........................................

प्रस्तुत विषयमा तपाईलाई “नौकुण्ड गाँउपालिका संस्था दर्ता तथा नवीकरण सम्बन्धि ऐन -२०७५” को दफा (४) बमोजिम यो प्रदान गरिएको छ । प्रचलित कानुनको परिधिमा रही सार्वजनिक हितमा आफ्ना गतिविधिहरु संचालन गर्नु हुन गाँउपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

| | |
|---|---|
| संस्थाको नाम | |
| संस्थाको अध्यक्षको नाम | |
| कार्य क्षेत्र | |
| संस्थाको ठेगाना | |

प्रमाणपत्र जारी गर्नेको

सही :

............................ नाम :

कार्यलयको छाप मिति :

नौकुण्ड गाँउपालिका, रसुवा

## अनुसुची ३

दफा (४) सँग सम्बन्धित

| सि.नं. | संस्थाको प्रकार | शुल्क |
|---|---|---|
| १ | गैसस (राष्ट्रिय) ) | रु.१००० |
| २ | गैसस (अर्न्तराष्ट्रिय) ) | रु.५००० |

मिति २०७६।०३।३१ गाँउसभाको निर्णयानुसार

**प्रमाणीकरण मितिः २०७६।०३।३१**

**आज्ञाले,**
**लोकहरी थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

नौकुण्ड गाउँपालिका, रसुवा